**मुख्य समाचारहरुबाट**

- **प्रधानमन्त्रीद्वारा महाराष्ट्रमा धेरै विकास परियोजनाको शुभारम्भ, गरीब कल्याण योजनालाई निरन्तरता दिइने गर्नुभयो घोषणा**
- **प्रधानमन्त्रीद्वारा बेङ्लुरुमा बोइङ इण्डिया इन्जिनियरिङ सेन्टरको नयाण परिसर उद्घाटन**
- **गुजरातको हरनी तालमा डुङ्गा दुर्घटनामा परेर 12 विद्यार्थी र दुई शिक्षकको मृत्यु**
- **राजमार्ग विकासमा कर्नाटक राज्यले पायो ठूलो धनराशि अनि**
- **भारत जोडो न्याय यात्रा र यसका आयोजक विरुद्ध असममा एफआईआर दर्ता**

**अब समाचार विस्तारमा**

**प्रधानमन्त्रीद्वारा महाराष्ट्रमा धेरै विकास परियोजनाको शुभारम्भ, गरीब कल्याण योजनालाई निरन्तरता दिइने गर्नुभयो घोषणा**

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले आफ्नो सरकार देशका विपन्न परिवारको सेवामा समर्पित रहेको बताउनुभएको छ। विपन्न परिवारको जीवन सहज बनाउन सरकारले विभिन्न योजनाहरु सुरु गरेको बताउँदै सरकारले चार करोड पक्की घर र 10 करोड शौचालय उपलब्ध गराइसकेको जानकारी दिनुभएको छ। श्री मोदीले महाराष्ट्रको सोलापुरमा धेरै विकास परियोजनाहरूको शिलान्यास र उद्घाटन गरेपछि जनतालाई सम्बोधन गर्नुभएको थियो जस्मा उहाँले आफ्नो सरकारले 25 करोड जनतालाई गरिबी मुक्त गराएको बताउनु भयो। श्री मोदीले आगामी 5 वर्षसम्म प्रधानमन्त्री गरीब कल्याण योजनालाई निरन्तरता दिने घोषणा गर्नुभएको छ। प्रधानमन्त्री शहरी आवास योजना अन्तर्गत, बनेका 90 हजार घर र सोलापुरको रायनगर हाउजिङ सोसाइटीमा 15 हजार घर उपलब्ध गराएपछि उहाँले आज महाराष्ट्रका एक लाखभन्दा बढी परिवारलाई घर हस्तान्तरण गर्नुभयो। रायनगर हाउजिङ सोसाइटीका लाभार्थीहरूमा हजारौं हतकर्घा मजदुर, बिक्रेता, पावरलुम मजदुर, फोहोर सङ्कलनकर्ता, बिँडी मजदुर र चालक आदि सामेल छन्। विपक्षीको आलोचना गर्दै प्रधानमन्त्री श्री नरेन्द्र मोदीले विगतका सरकारले गरिबी उन्मूलनको नारा दिएपनि वास्तवमा गरिबी उन्मूलन गर्न नसकेको भन्नुभयो। उहाले आफ्नो सरकारले पारदर्शिताका साथ काम गरिरहेका कारण साँच्चै आवश्यकतामा परेका मानिसहरू लाभान्वित भएको दावी गर्नूभयो। सोलापुरमा, प्रधानमन्त्रीले अमृत मिशन अन्तर्गत लगभग दुईहजार करोड रुपियाको 8 परियोजनाहरूको शिलान्यास पनि गर्नुभएको छ। उहाँले राज्यमा, प्रधानमन्त्री स्वानिधि अन्तर्गत 10 हजार लाभार्थीलाई पहिलो र दोस्रो किस्ता वितरण गर्ने कार्य पनि शुरु गर्नुभयो।

**प्रधानमन्त्रीद्वारा बेङ्लुरुमा बोइङ इण्डिया इन्जिनियरिङ सेन्टरको नयाण परिसर उद्घाटन**

प्रधानमंत्री नरेंद्र मोदीले आज बेंगलुरुमा बोइंग इंडिया इंजीनियरिंग एंड टेक्नोलोजी सेंटरको नयाँ परिसरको उद्घाटन गर्नुभयो। उहाँले बोइंग सुकन्या कार्यक्रमको पनि शुभारंभ गर्नुभएको छ। यसको उद्देश्य, गरीब परिवारका बालिकाहरूलाई विज्ञान, प्रौद्योगिकी, इंजीनियरिंग र गणितको प्रशिक्षण प्रदान गराउनु हो। यस अवसरमा बोल्दै प्रधानमंत्रीले व्यापारमा सुगमता, मेक इन इंडिया पहल र राम्रो संपर्क स्थापनाले विभिन्न क्षेत्रमा विकास भएको जसले रोजगारका नयाँ अवसर सृजित भएको बताउँनु भयो। उड़ान योजना र विमानन क्षेत्रमा आवश्यक बुनियादी ढांचाको निर्माणले यस क्षेत्रलाई अधिक प्रोत्साहन गरेको पनि उहाँले बताउनुभयो। पछिल्ला नौ वर्षमा यात्री यातायात दुईगुणा हुनसँगै भारत आज घरेलु विमाननमा तेस्रो ठूलो बजार बनिसकेको प्रधानमन्त्रीले बताउँनु भयो। यसले विमानको माग बढेको जानकारी दिंदै 2014 मा देशमा 70 वटा हवाई अड्डा रहेका जो

अहिले बडेर 150 पुगेको बताउँनु भयो। भारतमा महिला पाईलटहरूको संख्या वैश्विक औसत भन्दा तीन गुना अधिक रहेको उहाँले जानकारी दिनुभयो। प्रधानमन्त्री मोदीले भारतसँग चाँडै विमान निर्माणको पूर्ण क्षमता उपलब्धन हुने पनि जानकारी दिनुभएको छ।

## गुजरातको हरनी तालमा डुङ्गा दुर्घटनामा परेर 12 विद्यार्थी र दुई शिक्षकको मृत्यु

गुजरातको वडोदराको हरनी तालमा डुंगा डुबेर 12 जना विद्यार्थी र दुई शिक्षकको मृत्यु भएको छ। विद्यार्थी बनभोज खान हरनी ताल गएको समय दुर्घटना भएको थियो। दुर्घटनाको समय डुंगामा चार निजी विद्यालयका शिक्षकसहित 27 जना सवार थिए। राज्यका मुख्यमन्त्री श्री भूपेन्द्र पटेल उद्धार कार्यको जायेजा लिन हिजो साँझ घटनास्थल पुगनु भएको थियो, उहाँले दुर्घटनाको छानबिन गरेर 10 दिनभित्र प्रतिवेदन पेश गर्न जिल्ला अधिकारीलाई निर्देशन पनि दिनुभयो। राष्ट्रिय आपदा प्रबंधन बल - र नगरपालिकाको दमकल मध्यरातसम्म राहत कार्यमा संलग्न रहेको थियो जसबाट 10 जनालाई सुरक्षित रूपमा उद्धार गरियो। प्रधानमन्त्री श्री नरेन्द्र मोदी र गुजरातका मुख्यमन्त्री श्री भूपेन्द्र पटेलले यस दुर्घटनामा परी ज्यान गुमाउनेप्रति गहिरो समवेदना व्यक्त गर्नुभएको छ। प्रधानमन्त्रीले राष्ट्रिय राहत कोषबाट मृतकका परिवारलाई दुई - दुई लाख र घाइतेलाई 50 हजार रुपैयाँ दिने घोषणा गर्नुभएको छ। मुख्यमन्त्री श्री भूपेन्द्र पटेलले पनि प्रत्येक मृतकका परिवारलाई 5 लाख रुपैयाँ र घाइतेलाई 50 हजार रुपैयाँ दिने घोषणा गर्नुभएको छ।

## एनडीआरएफले यस वर्षको अन्त्यसम्म 70 हजारभन्दा बढी मानिसहरूलाई प्रकोप व्यवस्थापनमा तालिम दिने

केन्द्रिय गृह राज्यमन्त्री श्री नित्यानन्द रायले राष्ट्रिय आपदा प्रबंधन बल – NDRF ले यस वर्षको अन्त्यसम्ममा 70 हजार भन्दा बढी मानिसहरूलाई आपदा व्यवस्थापनमा तालिम दिने बताउनु भएको छ। आज नयाँ दिल्लीमा NDRF को 19 औं स्थापना दिवस समारोहलाई सम्बोधन गर्दै NDRF ले अहिलेसम्म 13 हजारभन्दा बढी स्वयंसेवकहरूलाई तालिम गराइसकेको जानकारी दिनुभयो। आकाशवाणी समाचारसँग कुराकानी गर्दै NDRF का महानिर्देशक श्री अतुल करवालले NDRF ले चाँडै आपदा व्यवस्थापनमा अनलाइन सामग्रीको साथै मानिसहरूलाई आपदासँग लड्न सहयोगी जागरूकता अभियान सुरु गर्ने जानकारी दिनुभयो।

**समाचार आकाशवाणीबाट सुन्दै हुनुहुन्छ**

## विभिन्न विधामा सरकारी भाषामा उत्कृष्ट काम गर्ने कुल 32 संस्थानलाई गृह राज्यमन्त्री अजय कुमार मिश्राले प्रदान गर्नुभयो पुरस्कार

केन्द्रीय गृह राज्यमन्त्री श्री अजय कुमार मिश्राले प्रधानमन्त्री श्री नरेन्द्र मोदीको विकसित भारतको परिकल्पनाले भारतको गौरवशाली इतिहास, संस्कृति, सम्पदा र भाषाहरूको संरक्षण गर्दै देशलाई विश्वव्यापी रूपमा नयाँ प्राविधिक परिवर्तनहरू अनुरूप खडा गरिरहेको बताउनुभएको छ। श्री मिश्रले आज बेंगलुरुमा हिन्दुस्तान एरोनटिक्स लिमिटेड व्यवस्थापन एकेडेमीमा क्षेत्रीय आधिकारिक भाषा सम्मेलनको उद्धाटन गर्नुभयो। उहाले मानव केन्द्रित विकास देश विकासको मुख्य दृष्टिकोण रहेको कुरामा जोड दिनु भयो। उहाले आर्टिफिसियल इन्टेलिजेन्स र अत्याधुनिक प्रविधिको प्रयोगले हिन्दी भाषा विकासमा महत्वपूर्ण भूमिका खेल्ने बताउनु भयो। यस अवसरमा 32 वटा केन्द्रीय सरकारी कार्यालय, बैंक तथा संस्थालाई विभिन्न विधामा सरकारी भाषामा उत्कृष्ट काम गरेकोमा पुरस्कार प्रदान गरिएको थियो। सरकारी कामकाजमा हिन्दी भाषाको प्रगतिशील प्रयोगलाई प्रोत्साहन गर्न गृह मन्त्रालयको राजभाषा विभागले प्रत्येक आर्थिक वर्षमा चारवटा क्षेत्रीय राजभाषा सम्मेलन आयोजना गर्ने गर्दछ।

## राजमार्ग विकासमा कर्नाटक राज्यले पायो ठूलो धनराशी

कर्नाटक राज्यले राजमार्ग विस्तारका लागि तीनसय तिर्चालिस करोड रुपियाँ भन्दा अधिकको धनराषिको स्वीकृति पाएको छ। सडक यातायात तथा राजमार्ग मन्त्री श्री नितिन गडकरीले कर्नाटकमा राष्ट्रिय राजमार्गको मंगलोर-मुदिगेरे-तुमकुर खण्डको विस्तारको लागि यो रकमको स्वीकृत दिनु भएको छ। श्री गडकरीले आफ्नो एक social media post मा यस सम्बन्धमा जानकारी दिनु भएको छ। लगभग 10 दशमलव 8 किलोमिटर लामो यो सडक घुमाउरो पहाडी खण्डमा बन्नेछ।

**भारत जोडो न्याय यात्रा र यसका आयोजक विरुद्ध असममा एफआईआर दर्ता**

भारत जोडो न्याय यात्रा र यसका मुख्य आयोजक श्री केबी बाइजु विरुद्ध असमको जोरहाटमा अनुमोदित मार्गबाट विचलित भएको आरोपमा एफआईआर दर्ता गरिएको छ। हिजो स्वीकृत मार्गमा हिँड्नुको सट्टा यात्राले सहरमा अर्कै मोड लिएपछि त्यहाँ अराजकता भएको पुलिस सुत्रले जनाएको छ ।प्राप्त जानकारी अनुसार, कांग्रेस नेता श्री राहुल गान्धीको भारत जोडो न्याय यात्रा असमका 17 जिल्लाहरू हुँदै निस्कने छ। आसामका मुख्यमन्त्री श्री हेमन्त विश्व शर्माले यो यात्रा विशेष वर्गका मानिसका लागि मात्रै रहेको र आसामका अधिकतम जनतालाई सबका साथ र सबका विकासको नीतिमा विश्वास रहेको जनाउनुभयो।

**अन्त्यमा मुख्य समाचार फेरि एकपल्ट**

- **प्रधानमन्त्रीद्वारा महाराष्ट्रमा धेरै विकास परियोजनाको शुभारम्भ, गरीब कल्याण योजनालाई निरन्तरता दिइने गर्नुभयो घोषणा**
- **प्रधानमन्त्रीद्वारा बेङ्लुरुमा बोइङ इण्डिया इन्जिनियरिङ सेन्टरको नयाण परिसर उद्घाटन**
- **गुजरातको हरनी तालमा डुङ्गा दुर्घटनामा परेर 12 विद्यार्थी र दुई शिक्षकको मृत्यु**
- **राजमार्ग विकासमा कर्नाटक राज्यले पायो ठूलो धनराशि अनि**
- **भारत जोडो न्याय यात्रा र यसका आयोजक विरुद्ध असममा एफआईआर दर्ता**